आज मिति २०८१।०३।१० गते सोमबारका दिन यस गाउँपालिकाका अध्यक्ष श्री दान बहादुर गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको कार्यालयमा कार्यपालिकाको बैठक तपसिल बमोजिमको उपस्थितिमा बसी तपसिल बमोजिमका प्रस्तावहरुमाथि छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद |
|---|---|---|---|
| १ | | श्री दान बहादुर गुरुङ | गाउँपालिका अध्यक्ष |
| २ | | श्री माया सिलवाल | गाउँपालिका उपाध्यक्ष |
| ३ | | श्री सन्तबहादुर मगर | वडा नं.१ वडा अध्यक्ष |
| ४ | | श्री पञ्चबहादुर प्रजा | वडा नं.२ वडा अध्यक्ष |
| ५ | | श्री नरबहादुर नेपाल | गा.पा. प्रवक्ता एवं वडा नं.३ वडा अध्यक्ष |
| ६ | | श्री रुद्रप्रसाद उप्रेती | वडा नं.४ वडा अध्यक्ष |
| ७ | | श्री तेजबहादुर शेरचन | वडा नं.५ वडा अध्यक्ष |
| ८ | | श्री लक्ष्मण प्रजा | वडा नं.६ वडा अध्यक्ष |
| ९ | | श्री बमबहादुर थापामगर | वडा नं.७ वडा अध्यक्ष |
| १० | | श्री अन्जु चेपाङ | कार्यपालिका सदस्य |
| ११ | पार्वती | श्री पार्वती गुरुङ | कार्यपालिका सदस्य |
| १२ | | श्री टेकमाया गुरुङ | कार्यपालिका सदस्य |
| १३ | | श्री परिमाया कामी | कार्यपालिका सदस्य |
| १४ | | श्री राजकुमार चेपाङ | कार्यपालिका सदस्य |
| १५ | | श्री शंखबहादुर चेपाङ | कार्यपालिका सदस्य |
| १६ | | श्री चन्द्रकान्त बस्नेत | सदस्य-सचिब |

अन्य उपस्थितिः

१. आयु पण्डित, अधिकृत सातौं
२. उद्गम तिमिल्सिना, ना. अ. सातौं
३. तेज कुमार थमला, अधिकृत छैटौं

# कार्यपालिकाको प्रस्ताब पेश कार्यसूची

इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय इच्छाकामना-४, कुरिनटार चितवन बागमती प्रदेश, नेपाल

क संख्या: ४१
क्षता: श्री दान बहादुर गुरुङ
क मिति: २०८१।०३।१०
क स्थान: इच्छाकामना गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, कुरिनटार।
क समय: बिहान ८:०० बजे

| मिति | बैठक समय | कार्यसूची | कार्यसूची प्रस्तुतकर्ता | कैफियत |
|---|---|---|---|---|
| ८१।०३।१० | ८:०० बजे | आ.व. २०८१।०८२ को बार्षिक बजेट तथा कार्यक्रम सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | १ |
| ८१।०३।१० | ८:३० बजे | विनियोजन विद्येयक, २०८१ सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | २ |
| ८१।०३।१० | ९:०० बजे | कर तथा गैर कर लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०८१ सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ३ |
| ८१।०३।१० | ९:१५ बजे | आ.व. २०८०।०८१ को न्यायिक समितिको प्रतिवेदन सम्बन्धमा। | न्यायिक शाखा | ४ |
| ८१।०३।१० | ९:३० बजे | आ.व. २०७९।०८० को लेखापरिक्षणको अन्तिम प्रतिवेदन सम्बन्धमा। | आर्थिक प्रशासन शाखा | ५ |
| ८१।०३।१० | ९:४५ बजे | आ.व. २०८०।०८१ को सार्वजनिक सेवा प्रवाह सम्बन्धमा। | प्रशासन शाखा | ६ |
| ८१।०३।१० | ९:५० बजे | नेवार गुठी समाज, इच्छाकामना-५, मुग्लिङ्गलाई गणेशको मूर्ति उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | ७ |
| ८१।०३।१० | ९:५५ बजे | वडा नं. ४, लामिडाँडाका यूवाहरुलाई खेलकुद सामग्री उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | ८ |
| ८१।०३।१० | १०:०० बजे | वडा नं. ३, तोक्दाङ ढाप खानेपानी उपभोक्ता समितिलाई पाइप उपलब्ध गराउने सम्बन्धमा। | योजना शाखा | ९ |
| ८१।०३।१० | १०:०५ बजे | वडा नं. १, भाराङ स्वास्थ्य चौकी नयाँ भवनमा सञ्चालन गर्न आवश्यक बजेट व्यवस्था गर्ने सम्बन्धमा। | योजना शाखा | १० |
| ८१।०३।१० | १०:१० बजे | वडा नं. ५, तामिन कमेरे परम्परागत पँधेरो मर्मत सम्भारको लागि आवश्यक बजेट व्यवस्था गर्ने सम्बन्धमा। | योजना शाखा | ११ |
| ८१।०३।१० | १०:१५ बजे | वडा नं. २ मा रहेको राष्ट्रिय आधारभूत विद्यालय वल्र्याङको मर्मत सम्भारको लागि बजेट व्यवस्था गर्ने सम्बन्धमा। | योजना शाखा | १२ |
| ८१।०३।१० | १०:२० बजे | वडा नं. ५ मुग्लिङ्गमा सिंचाइको लागि आवश्यक बजेट व्यवस्था गर्ने सम्बन्धमा। | योजना शाखा | १३ |
| ८१।०३।१० | १०:२५ बजे | तेक्वान्दो खेलाडीहरुको लागि आवश्यक खेलकुद सामग्री उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | १४ |
| ८१।०३।१० | १०:३० बजे | एन्फाबाट रेफ्रि कोर्स उत्तीर्ण गर्ने रेफ्रिहरुको लागि आवश्यक खेलकुद सामग्री उपलब्ध गराउने सम्बन्धमा। | प्रशासन शाखा | १५ |

गाउँपालिका अध्यक्ष

**पूर्व बैठकको समीक्षा**

मिति २०८१।०२।३२ मा बसेको कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्था समीक्षा गरियो । कार्यान्वयन अवस्था सन्तोषजनक रहेको पाइयो ।

**४१ औं कार्यपालिका बैठकको निर्णयहरु:**

निर्णय नं.१: वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश हुन आएको आ.व. २०८१।०८२ को बार्षिक वजेट तथा कार्यक्रम स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

निर्णय नं.२: इच्छाकामना गाउँपालिकाको विनियोजन विद्येयक, २०८१ स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

निर्णय नं. ३: कर तथा गैर कर लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको विद्येयक, २०८१ स्वीकृतिका लागि गाउँसभामा पेश गर्ने।

निर्णय नं.४: आ.व. २०८०।०८१ को न्यायिक समितिको प्रतिवेदन गाउँसभामा पेश गर्ने।

निर्णय नं.५: आ.व. २०७९।०८० को लेखापरीक्षणको अन्तिम प्रतिवेदन गाउँसभामा पेश गर्ने।

निर्णय नं. ६: आ.व. २०८०।०८१ मा गाउँपालिका र यस अन्तर्गतका निकायहरुबाट प्रवाह भएका सेवाहरुको सम्बन्धमा गाउँसभामा छलफल गर्ने।

निर्णय नं.७: नेवार गुठी समाज, इच्छाकामना-५, मुग्लिङ्ग, चितवनलाई बढिमा रु. १,००,०००।- (अक्षरेपि एक लाख मात्र) सम्मको गणेशको मूर्ति धार्मिक तथा सांस्कृतिक संस्था सहायता शिर्षकबाट खरिद गरी उपलब्ध गराउने।

निर्णय नं.८: वडा नं. ४ को कार्यालयबाट प्राप्त सिफारिस बमोजिम लामिडाँडाका यूवाहरुको लागि बढिमा रु. २०,०००।-(अक्षरेपि बीस हजार मात्र) सम्मको खेलकुद सामग्री अध्यक्षसंग यूवा कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट खरिद गरी उपलब्ध गराउने।

निर्णय नं.९: वडा नं. ३ को कार्यालयबाट प्राप्त सिफारिस बमोजिम तोक्दाङ्ग ढाप खानेपानी उपभोक्ता समितिलाई 600 meter, 40mm, 16PN HDPE पाइप बाँझो जमिनको प्रयोगमा सहयोग तथा साना सिंचाइ कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट खरिद गरी उपलब्ध गराउने।

निर्णय नं. १०: वडा नं. १ मा रहेको भाराङ स्वास्थ्य चौकी नयाँ भवनमा सञ्चालन गर्नको लागि रु १,००,०००।- (अक्षरेपि एक लाख मात्र) निर्मित सार्वजनिक संरचनाको मर्मत शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने।

निर्णय नं. ११: वडा नं. ५ मा पर्ने तामिन कमेरे परम्परागत पँधेरो मर्मत सम्भारको लागि रु. ५०,०००।- (अक्षरेपि पचास हजार मात्र) मुहान संरक्षण शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने।

निर्णय नं. १२: वडा नं. २ मा रहेको राष्ट्रिय अधारभूत विद्यालय वर्ल्याङको मर्मत सम्भारको लागि रु.१,००,०००।- (अक्षरेपि एक लाख मात्र) निर्मित सार्वजनिक सम्पत्तीको मर्मत सम्भार शिर्षकमा विनियोजि बजेट अथवा उक्त स्रोतमा बजेट अपुग भए कन्टेन्जेन्सीबाट खर्च लेखे गरी विद्यालयको खातामा रकम उपलब्ध गराउने।

निर्णय नं. १३: वडा नं. ५ मुग्लिङ्गमा सिंचाइको लागि रु. १,५०,०००।-(अक्षरेपि एक लाख पचास हजार मात्र) साना सिंचाइ कार्यक्रम शिर्षकमा विनियोजित बजेटबाट उपलब्ध गराउने।

निर्णय नं. १४: अध्यक्षसंग यूवा कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट बढिमा रु.१,००,०००।-(अक्षरेपि एक लाख मात्र) बराबरको विविध खेलकुद सामग्री वडा नं. ४ को सिफारिस सहित माग हुन आएको तेक्वान्दो खेलाडीहरुको लागि खरिद गरी उपलब्ध गराउने।

निर्णय नं. १५: अध्यक्षसंग यूवा कार्यक्रम शिर्षकमा विनियोजित बजेट मध्येबाट बढिमा रु.३०,०००।-(अक्षरेपि तीस हजार मात्र) बराबरको फुटवल खेलसंग सम्बन्धित विविध खेलकुद सामग्री यस गाउँपालिकाबाट एन्फा रेफ्रि कोर्स उत्तीर्ण हुन सफल रेफ्रिहरुलाई खरिद गरी उपलब्ध गराउने।

चन्द्रकान्त बस्नेत
प्रमुख प्रशासकीय अधिकृत

गाउँपालिका अध्यक्ष